आज मिति २०८० जेठ ०५ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया वगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री तारा वहादुर तामाङ

अन्य उपस्थिति :

प्रशासन शाखा प्रमुख :- श्री अर्जुन चपाई

लेखा शाखा प्रमुख :- श्री सुरेन्द्र ढुङगाना

**मिति २०८० जेष्ठ ५ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं १ : अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०१/०४ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था र प्रगति बारे यस बैठकमा समीक्षा गरियो।

**निर्णय नं.२ : आ.ब.२०८०/०८१ को पहिलो गाउँसभा सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको आ.ब. २०८०/०८१ को पहिलो अधिवेशन मिति २०८०/०३ /५ गते ११:०० वजे गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : सफा मर्स्याङ्दी अभियान सम्बन्धमा ।**

मिति २०२३ जुन ५ तदनुसार २०८० जेठ २२ गते विहान ८:०० वजे देखि १०:०० बजे सम्म विश्व वातावरण दिवसको अवसर पारी सफा मर्स्याङ्दी अभियानको निरन्तरता र थप प्रभावकारी बनाउन पालिका भरि सरसफाई कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु आयोजना गर्ने निर्णय गरियो । साथै सो कार्यक्रमलाई सफल र थप प्रभावकारी बनाउन आ-आफ्नो पायक पर्ने स्थानमा सहभागीता जनाउन सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी, शिक्षक, विद्यार्थी, विभिन्न सँघ संस्थामा आवद्ध व्यक्तित्वहरु, सामाजिक क्षेत्रमा संलग्न सम्पूर्णलाई अनुरोध गर्ने निर्णय भयो । यसै सन्दर्भमा सचेतनामुलक कार्यक्रम अन्तर्गत रेडियो मर्स्याङ्दी सँगको सहकार्यमा मर्स्याङ्दी -३, खुदी, मर्स्याङ्दी -७, डादी र मर्स्याङ्दी -४, जगतमा फोहोरमैला व्यवस्थापन सम्बन्धमा स्थानियहरु सँग प्रत्यक्ष प्रसारणमा सार्वजनिक वहस कार्यक्रम आयोजना गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ४ : अपर स्याँङ्गे हाईड्रोपावर लिमिटेडको शेयर विक्रि वितरण सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ स्थित अपर स्याँङ्गे हाईड्रोपावर लिमिटेडको प्रभावित क्षेत्रलाई वितरण गर्ने १० प्रतिशत शेयरलाई हाईड्रोपावरको अति प्रभावित वडा वडा नं. ४ लाई कुल शेयरको ४० प्रतिशत र बाँकी ६० प्रतिशत आयोजना रहेको मर्स्याङ्दी गाउँपालिकाको लागि वितरण गर्न अपर स्याँङ्गे हाईड्रोपावर लिमिटेड र सम्बन्धित निकायहरुमा समन्वय तथा जानकारी गर्ने निर्णय गरियो । साथै, आयोजना रहेको पालिकालाई प्राप्त १० प्रतिशत शेयरलाई अति प्रभावित र गाउँपालिकालाई विभाजन गरिएको ४० प्रतिशत र ६० प्रतिशतबाट हुन आउने शेयर कुनै पक्षबाट कम संकलन भएमा सो हिस्साको बाँकी रहन आएको शेयर अर्को पक्षलाई सुरक्षित गर्नु पर्ने र दुवै पक्षबाट संकलन हुन नसक्दा मात्र अन्य व्यवस्थापन गर्न गराउन अपर स्याँङ्गे हाईड्रोपावर लिमिटेड र सम्बन्धित निकायहरुमा समन्वय तथा जानकारी गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ५ : तालिम आयोजना गर्ने सम्बन्धमा ।**

यस गाउँपालिकामा केहि जलविद्युत आयोजनाहरु निर्माणधिन रहेको र स्थानियहरु सिप अभावको कारण रोजगारिमा जोडिन नसकेको परिस्थितिलाई मध्यनजर गर्दै जलविद्युत आयोजना लगायत अन्य क्षेत्रहरुमा समेत रोजगारीमा जोडिन सकोस भन्ने उद्धेश्यले जलविद्युत आयोजना, गाउँपालिका र अन्य संस्थाहरु सँग समेत समन्वय गर्दै निम्न तालिमहरु आयोजना गर्ने निर्णय गरियो ।

१. वेल्डिङ
२. ईलेक्ट्रिसियन
३. प्लम्बर
४. कार्पेन्टर
५. स्टिल फिक्सचर
६. हाते ट्रयाक्टर मर्मत / माटरसाईकल मर्मत

**निर्णय नं.६ " विपद् उत्थानशील कार्यढाँचा, २०८०"पारीत सम्बन्धमा ।**

"मर्स्याङ्दी गाँउपालिका **विपद् उत्थानशील कार्यढाँचा, २०८०"** कार्यपालिकाको बैठकमा छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७. योजना सम्झौताको म्याद थप सम्बन्धमा ।**

आ.व. २०७९/८० को स्वीकृत योजनाहरु मध्ये निर्माण कार्य शुरु भईसकेका केहि योजनाहरु विशेष कारणबाट निर्धारित समयमा सम्पन्न हुन नसकेकाले ति निर्माण शुरु भईसकेका योजनाहरुको मात्र योजना सम्झौता म्याद २०८० जेठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ : विभिन्न समितिहरुको वैठक सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको आगामी आ.व.२०८०/०८१ को बार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्नको लागि विभिन्न समितिको वैठकहरु देहाय बमोजिमको समय तालिका अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

१) राजस्व परामर्श समितिको वैठक, २०८० जेठ १६ गते विहान ८:०० वजे ।
२) स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति र वजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक, २०८० जेठ १७ गते विहान ८:०० वजे ।
३) पूर्वधार विकास समितिको वैठक ,२०८० जेठ १८ गते विहान ८:०० वजे ।
४) आर्थिक विकास समितिको वैठक ,२०८० जेठ १९ गते विहान ८:०० वजे ।
५) वातावरण तथा व्यवस्थापन समितिको वैठक, २०८० जेठ २१ गते विहान ८:०० वजे ।
६) विधायन समितिको वैठक, २०८० जेठ २१.गते विहान ११:०० वजे ।
७) सामाजिक विकास समितिको वैठक, २०८० जेठ २३ गते विहान ८ : ०० वजे ।
८) सार्वजनिक सेवा तथा क्षमता विकास समितिको वैठक, २०८० जेठ २३ गते विहान ११ :०० वजे ।



अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ९ : सरुवा सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिका पानी नुन खानी आयुर्वेद औषधालय अन्तर्गत मर्स्याङ्दी गाउँपालिका आयुर्वेद शाखा खुदीमा कार्यालय सहयोगी पद रिक्त रहेकाले उक्त पदमा कृषी विकास शाखा, खुदीमा कार्यारत कार्यालय सहयोगी श्री चन्द्रकला खत्रीलाई सोही आयुर्वेद औषधालयबाट २०८० जेष्ठ ५ गतेवाट तलव भत्ता पाउने गरी सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : अपाङ्गता भएका व्यक्तिको परिचय पत्र विरतण सम्बन्धि कार्यविधि २०७५ संशोधन सम्बन्धमा ।**

| | | | | |
|---|---|---|---|---|
| १ | परिच्छेद ५, दफा १२ उपदफा २ | यो कार्यविधि लागु हुनु अगाडि प्राप्त गरेको अपाङ्गता परिचय पत्र सम्बन्धित गाउँपालिका र नगरपालिकामा बुझाई यो कार्यविधि जारी भएको मितिले १ वर्ष भित्रमा यस कार्यविधि बमोजिमको परिचय पत्र लिनुपर्नेछ। यस अघि जारी भएका परिचय पत्र एक वर्षपछि स्वतः मान्य हुने छैन। | यो कार्यविधि लागु हुनु अगाडि प्राप्त गरेको अपाङ्गता परिचय पत्र यसै गाउँपालिकामा बुझाई सोही कार्यविधि बमोजिम प्राप्त गर्न सकिने छ। | |
| | | | | |

**निर्णय नं. ११ : रकम विनियोजन गर्ने सम्बन्धमा :**

निम्न कार्यक्रमहरुको लागि पर्यटन प्रवर्द्धन कार्यक्रममा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

- बाह्रै शिँउरुङ महोत्सव, २०८०, मर्स्याङ्दी - ३, रु.२५०,०००।-
- राष्ट्रिय विभुति भक्ति थापा २०८ औं स्मृति दिवस एवं हर्सिङ डाँडा मेला, २०८०, मर्स्याङ्दी -३, रु.१५०,०००।-

**निर्णय नं. १२ : आर्थीक सहयोग सम्बन्धमा :**

क) **विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षक**बाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- श्री अमर मा.वि., मर्स्याङदी -३, रु. २०,०००।-
- तातोपानी युवा क्लव, मर्स्याङ्दी -४, रु.२०,०००।-
- मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, काठमाडौं, रु. ७१,२९०।-
- बा.घे.ता. युनाइटेड क्लव, मर्स्याङ्दी ४,५,६ रु. २५,०००।-
- घनपोखरा युवा क्लव, मर्स्याङ्दी -१, रु.२५,०००।-

ख) विविध कार्यक्रम खर्च (२२५२९) र अन्तर्गतको **विपद् व्यवस्थापन कोष**बाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- दुर्गादेवी तामाङ, मर्स्याङ्दी -३, रु.१०,०००।- (चट्याङले लागेर घाईते)
- सोम कुमारी गुरुङ, मर्स्याङ्दी -७, रु.१५,०००।- (विजुली सर्ट भई आगलागि)
- धन बहादुर तमाङ, मर्स्याङ्दी -७, रु.१५,०००।- (आगलागिबाट नर्सरी क्षति)
- आइतमाया गुरुङ, मर्स्याङ्दी -४, १०,०००।- (**घर भत्किएको, वडा नं ४ को लागि विनियोजित विपद् कोषबाट उपलब्ध गराउने)**

ग) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको **असक्त, असहाय, विपन्न सहायता कोष**बाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो । .

- हुम बहादुर गुरुङ, मर्स्याङदी -१, रु. २०,०००।- (क्यान्सर रोगी विपन्न)



अर्जुन गुरुङ
अध्यक्ष